आमाछोदिङमो गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेसी, रसुवा

बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या :-०८२/०८३
चलानी नं. :- ११०६

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङबेसी, रसुवा बागमती प्रदेश, नेपाल

मितिः- २०८३/०२/२६

विषयः चालु आ.व. को भुक्तानी र खाता बन्द हुने सम्बन्धमा।

श्री वडा कार्यालय (सबै),
श्री विषयगत शाखा (सबै),
श्री स्वास्थ्य संस्था (सबै),
श्री सामुदायिक विद्यालय (सबै),
श्री निर्माण व्यवसायी (सबै),
श्री उपभोक्ता समिति (सबै),
सरोकारवाला सङ्घ संस्था (सबै),

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० (१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष सम्पन्न हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै भुक्तानी सम्पन्न भई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको र आर्थिक वर्षको अन्त्यमा कामको चाप अत्याधिक हुने, अधिक प्रयोगका कारण स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application (SuTRA) को सर्भर डाउन हुने, हावाहुरी, वर्षात् तथा अन्य कारणले इन्टरनेट सञ्चालनमा अवरोध आउने र सङ्घीय सरकारबाट निर्धारित सिलिङ बमोजिम राजस्व र अनुदान प्राप्त नभई सम्पन्न योजनाको प्राथमिकीकरण गर्नुपर्ने, सङ्घीय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदानहरू फिर्ता गरी सोको प्रतिवेदन पठाई कोष तथा लेखा नियन्त्रक कार्यालयमा भौचर बुझाउनुपर्ने र सबै कारोवारको हिसाब मिलान समेत गर्नुपर्ने कारणले यस गाँउपालिकाबाट सञ्चालित सम्पूर्ण कार्यक्रम तथा योजना सम्पन्न गरी भुक्तानीको लागि मिति २०८३/०३/१० गते भित्र कार्यालयमा पेस गरी मिति २०८३/०३/१५ गते भित्र अनिवार्य भुक्तानी लिनुहुन अनुरोध छ। साथै सो अवधिमा भुक्तानी नलिएमा कार्यालय जवाफदेही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

भोजराज पाण्डेय
आर्थिक प्रशासन शाखा प्रमुख

२०८३।०२।२६
चिरञ्जिवी जि.एम.
प्रमुख प्रशासकीय अधिकृत
चिरञ्जिवी जि.एम.
प्रमुख प्रशासकीय अधिकृत




Scanned with CamScanner
CamScanner